## "खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यक्रम सञ्चालन कार्यविधि, २०७७"

**प्रस्तावनाः**

नेपालमा (कोभिड-१९) महामारीबाट विशेष परिस्थिति सृजना भई मुलुकभर लकडाउन गरीएका कारण आम जनजीवन लगायत समग्र कृषि क्षेत्र, यसको उत्पादन र वितरण प्रणाली समेत गम्भिर रुपले प्रभावित हुँदा खाद्यसुरक्षामा तत्काल प्रतिकूल प्रभाव पर्न सक्ने भएकोले सो समस्या समाधान गर्न तरकारी खेतीका लागि प्लाष्टिक घर निर्माण, गह्रासुधार, बाँझो जग्गा वा बगर जग्गाको प्रयोग तथा खेर गएका ऐलानी, बुट्यान, पर्ती जग्गाको प्रयोग गरी अभियानमूलक **खाद्य सुरक्षा उत्पादन विशेष कार्यक्रम** सञ्चालन गर्न बान्छनिय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि वनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यक्रम सञ्चालन कार्यविधि २०७७"** रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितीबाट लागु हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यक्रम" भन्नाले दफा ४ बमोजिमका उत्पादन विशेष कार्यक्रमलाई सम्झनु पर्दछ।

(ख) "कृषि" भन्नाले यस कार्यक्रम सञ्चालनका लागि बाली, बागवानी, पशुपन्छी तथा घाँस/डालेघाँस जस्ता कृषिका उत्पादन एवम् उत्पादनमूलक व्यवसाय समेत सम्झनुपर्छ।

(ग) "जिल्ला स्थित कार्यालय" भन्नाले कृषि विकास कार्यालय, पशु अस्पताल तथा पशु सेवा कार्यालय लाई सम्झनुपर्छ ।

(घ) "फार्म" भन्नाले निजी, साझेदारी एवम् सहकारी पद्धतिबाट संचालित कृषि व्यवसाय सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ ।

(च) "लक्षित वर्ग" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि उत्पादन तथा कृषि व्यवसाय सम्वद्ध कृषक, रोजगार गुमेका श्रमिक, युवा, प्रदेशमा फर्किएका व्यक्ति, समूह/सहकारीमा आवद्ध सदस्य, कृषि उद्यमी तथा कृषि फर्म समेत सम्झनुपर्छ ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर,सुर्खेत,नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव



प्रमुख सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(छ) “लागत साझेदारी” भन्नाले खाद्यसुरक्षाका लागि कृषि उत्पादन वृद्धि गर्न गह्रासुधार नगरीएका बाँझो वा बगर जग्गाको प्रयोग तथा खेर गएका ऐलानी, बुट्यान, पर्ती जग्गामा खाद्यसुरक्षा उत्पादन विशेष कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई रकम उपलब्ध गराउने कार्य सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले दफा ५ को उपदफा (२) बमोजिम गठित कार्यक्रम कार्यान्वयन समितिलाई सम्झनु पर्दछ।

(झ) “सहकारी” भन्नाले सहकारी ऐन अन्तर्गत दर्ता भएका कृषिसँग सम्वद्ध संस्थालाई सम्झनुपर्छ।

(ञ) “स्थानीय तह” भन्नाले कर्णाली प्रदेश अन्तर्गतका गाउपालिका, नगरपालिका र तिनका वडा कार्यालय समेतलाई सम्झनुपर्छ ।

## परिच्छेद- २

## उत्पादन विशेष कार्यक्रम

३. <u>कार्यक्रमको उद्धेश्यः कार्यक्रमको मुख्य उद्देश्य देहायबमोजिम हुनेछः</u>

(क) कोभिड-१९ बाट कृषि क्षेत्रमा परेको प्रभावले निकट भविष्यमा हुन सक्ने खाद्य सङ्कटलाई न्यूनीकरण गरी खाद्य सुरक्षामा टेवा पुर्याउने ।

(ख) विदेश तथा प्रदेश बाहिरबाट र शहरी क्षेत्रबाट गाउँ फर्किएका तथा गैरकृषि क्षेत्रबाट कृषि क्षेत्रमा आउन चाहने लक्षित वर्गलाई यस क्षेत्रमा कार्य गर्न प्रोत्साहन गरी कृषि उत्पादन बढाउने ।

(ग) कृषियोग्य बाँझो/बगर जग्गाको प्रयोग तथा खेर गएका ऐलानी, बुट्यान, पर्ती जग्गा, हैसियत विग्रेको वन आदि जमिनको सदुपयोग गरी खाद्य उत्पादन वृद्धि गर्ने।

४. <u>लक्षित वर्गका लागि उत्पादन विशेष कार्यक्रमः</u> उत्पादन विशेष कार्यक्रम अन्तर्गत देहायबमोजिमका कार्यक्रमहरु सञ्चलन हुनेछनः

(क) चालु आर्थिक वर्षमा कोभिड-१९महामारीबाट उत्पन्न परिस्थितिले कृषि क्षेत्रमा पारेको प्रतिकुल प्रभावलाइ न्यूनीकरण गर्न तरकारी खेतीका लागि प्लाष्टिक घर निर्माण, गह्रासुधार, खेती नगरीएका बाँझो वा बगर जग्गाको प्रयोग तथा खेर गएका ऐलानी, बुट्यान, पर्ती जग्गामा खेती गरी खाद्यसुरक्षा उत्पादन विशेष कार्यक्रम सञ्चालन गरीनेछ।

(ख) खेती नगरीएका कृषि भूमिलाई प्राथमिकता दिई कृषि उत्पादन प्रयोजनमा ल्याउन नसकिएका ऐलानी, बुट्यान, नाँगो डाडा, पर्ती जग्गालई कृषि उत्पादन प्रयोगमा ल्याइनेछ ।

(ग) बन्दावन्दीको समयमा खेती गरी सोही अवधिमा क्षती पुगेका तरकारी, पशुपन्छिपालन एवम् बीउ व्यवसायी कृषक र विदेशवाट फर्किएका वेरोजगार युवाहरुको समूहलाई प्राथमिकता दिइनेछ ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव



प्रमुख सचिव

(घ) प्रदेशभित्रका किसानहरुलाई, बीउ बिजन, बेर्ना (फलफुल/तरकारी/डालेघाँस) लगायतका उत्पादन सामग्री खर्च जुटाउन तथा उन्नत कृषि उत्पादन प्रविधि प्रयोग गर्न आवश्यक रकमको व्यवस्था गरीनेछ।

(ङ) यस कार्यविधि अनुसारको सहायता दोहोरो सुविधा प्राप्त नहुने गरी उपलब्ध हुनेछ। तर श्रोत खुलाई फरक कार्य गर्ने गरी सहायता प्राप्त गर्न बाधा पर्ने छैन

## परिच्छेद-३
## कार्यक्रमको कार्यान्वयन

५. <u>कार्यक्रम कार्यान्वयन प्रक्रियाः</u> (१) यस कार्यविधि बमोजिमको कार्यक्रम स्थानीय तहसँगको लागत साझेदारीमा स्थानीय तहबाट कार्यान्वयन गरिनेछ।

(२) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय स्तरमा देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख, स्थानीय तह | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको प्रतिनिधि कर्मचारी, स्थानीय तह | सदस्य |
| (ग) स्थानीय तहभित्रका वडा अध्यक्षमध्येबाट संयोजकले तोकेको एक जना | सदस्य |
| (घ) प्रतिनिधि, ईलाका बन कार्यालय | सदस्य |
| (ङ) प्रतिनिधि, स्थानीय तहमा कार्यरत कृषि सहकारी संघ/संस्था | सदस्य |
| (च) स्थानीय तहका कृषि शाखा प्रमुख | सदस्य-सचिव |

(३) उपदफा (२) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहमा उपलब्ध बजेटबाट कार्यक्रमका लागि जग्गा, क्षेत्र, लक्षित समूह पहिचान गर्ने।

(ख) स्थानीय तहमा कार्यक्रम गर्नुपर्ने जग्गा, क्षेत्र, लक्षित समूह प्राथमिकीकरण गर्ने ।

(ग) कार्यक्रम सञ्चालनको निर्णय गर्ने एवं सो को कार्यान्वयनमा सहजीकरण गर्ने ।

(घ) कार्यक्रमको अनुगमन, निरिक्षण गर्ने तथा सम्पादित कार्यको प्रतिवेदन गर्ने गराउने व्यवस्था गर्ने ।

(ङ) कार्यक्रम सम्बन्धमा स्थानीय तहमा देखिएका समस्या समाधान एवं विवाद निरुपण गर्ने।

(४) कार्यक्रम कार्यान्वयन प्रक्रियाः कार्यक्रम कार्यान्वयन प्रक्रिया देहायबमोजिम हुनेछः

(क) कार्य सहजीकरणका लागि वडाध्यक्षको संयोजकत्वमा उपसमिति गठन गरी कार्य सम्पादन गर्न सकिनेछ ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव



प्रमुख सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(ख) चालु आर्थिक वर्षमा समान उदेश्यका लागि सहायता प्राप्त गर्ने व्यक्ति/ फर्म/ सहकारी संस्थालाई यस कार्यक्रम अन्तर्गतको सुविधा उपलब्ध हुने छैन ।

(ग) सहायता प्राप्त गर्न चाहने व्यक्ति तथा संस्थाहरुको लागि सम्बन्धित स्थानीय तहबाट उपयुक्त माध्यमबाट अनुसूची -१ को ढाँचामा आवेदन आह्वान गरिनेछ।

(घ) यस कार्यक्रम अन्तर्गत सहायता उपलब्ध गराउदा आवेदक मध्येका ठूलो प्लट, सहकारी पद्धति, चक्लाबन्दीको सम्भावना, व्यावसायको किसिम (खाद्यान्न/तरकारी/फलफूल खेती, पशुपन्छीपालनको लागि घाँस उत्पादन), विदेश वा प्रदेश बाहिरबाट फर्की आएका युवा, थोरै लगानीबाट अधिक उत्पादनको सम्भावना भएका, कम जग्गा स्वामित्व भएका, साना कृषक/फार्मलाई प्राथमिकता दिनेगरी समितिले मापदण्ड स्वीकृत गरी सोको आधारमा छनोट गरी सहायता उपलब्ध गराइनेछ।

(ङ) वडा स्तरमा कार्यक्रम सञ्चालनका लागि कम्तिमा एक जना कृषि प्राविधिक (कृषि वा पशुबिज्ञान अध्ययन गरेको वा सो नभएमा अनुभवी कृषक (नर्सरी धनी, व्यवसायी कृषक) समितिले छनौट गरी वडामा उपलव्ध भएको बाँझो/पाखो/सार्वजनिक/खाली जग्गाको लगत तथा सो स्थानमा बसोवास गर्ने समुदायको सूची तयार गरीनेछ ।

(च) खण्ड (ङ) बमोजिम कृषि प्राविधिक वा अनुभवी कृषकको पारिश्रमिक खर्च प्रदेश मन्त्रालयबाट उपलबध गराइएको बजेट तथा स्थानीय तहसमेतले वेहोर्नु पर्नेछ।

(छ) व्यक्तिगत जग्गा वाहेकका वुट्यान, पर्ति, नाङ्गोडाडा, सामुदायिक वन आदिमा कार्यक्रम सञ्चालन गर्दा सो क्षेत्र हेर्ने सम्बन्धित वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

६. <u>साझेदारी गर्न समन्वय गर्न सकिने:</u> यस कार्यक्रमका लागि स्थानीय तह, सहकारी संस्थाहरु, कृषि/सम्वद्ध समूहहरु, कृषि क्षेत्रमा कार्यरत परियोजनाहरु, कृषि सम्बन्धी संघ/संगठन, बैंक/वित्तीय संस्थाहरु, गैर सरकारी संघ/संस्थाहरुसँग आवश्यक साझेदारी गर्न सकिने छ।यसरी साझेदारी गर्दा प्राप्त हुने रकम र श्रमको अभिलेख राखिने छ।

## परिच्छेद-४

## बजेट व्यवस्थापन, सञ्चालन गरीने कृयाकलाप तथा प्रोत्साहन सहायता

७. <u>बजेट व्यवस्थापन:</u> (१) स्थानीय तहमा कार्यक्रम सञ्चालनका लागि मन्त्रालयलाई विनियोजित रकमबाट चालु आर्थिक वर्ष भित्रै सशर्त अनुदानका रुपमा प्रत्येक स्थानीय तहलाई उपलब्ध गराइनेछ।

(२) स्थानीय तहले उपलब्ध रकमबाट कार्यक्रम सञ्चालनको लागि बजेट विनियोजन गरी लाभान्वित समूहसँग सम्झौता गर्नुपर्नेछ ।

(३) कार्यक्रम सञ्चालनका लागि नेपाल सरकार वा दफा ६ बमोजिम साझेदार वा अन्य श्रोतवाट प्राप्त हुने रकम यस कार्यविधि अनुसार खर्च हुनेछ ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

(४) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनका लागि प्राप्त सहायता रकम उपलब्ध बजेट र यस कार्यविधिको सीमाभित्र रही प्रचलित कानून बमोजिम खर्च गरी सोको अभिलेख, प्रतिवेदन, अनुगमन तथा लेखा परीक्षण गराउने लगायतको सम्पूर्ण वित्तीय उत्तरदायित्व स्थानीय तहको हुनेछ।

(५) यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको दायित्व सम्बन्धित आर्थिक वर्षमा सम्पन्न गर्नु पर्नेछ।

८. **प्राविधिक पक्षः** (१) कार्यक्रम अन्तर्गत सञ्चालन हुने कृयाकलापको प्राविधिक पक्ष देहाय बमोजिम हुनेछः

(क) गह्रा सुधार अन्तर्गत बाँझो/पाखो/खाली/सिमान्तकृत भिरालो एवम् विद्यालय तथा अन्य सार्वजनिक निकायसँग भएको जग्गालाइ पहाडमा साना तथा समथर भूभागमा ठूला गह्रा वनाई खेती कार्य गर्नुपर्नेछ ।

(ख) व्यक्तिगत वा विद्यालय तथा अन्य सार्वजनिक निकायसँग भएको जग्गालाइ कृषि व्यवसाय (वाली/वस्तु) का आधारमा निश्चित अवधि (न्युनतम केही वर्ष) तोकी खेती गर्न भाडा वा जग्गा करार गरी व्यवसायिक खेती प्रबर्द्धन गर्न सकिनेछ। यस्तो जग्गा/गह्रा बनाउदा जग्गाको स्वामित्वका आधारमा यथासम्भव सिमाना फरक नपर्ने गरी जग्गाधनी सँग स्वीकृति लिइ व्यवस्थापन गर्नुपर्नेछ ।

(ग) जग्गा करार गर्दा करार अवधि भित्र जग्गा किनबेच गर्नु पर्दा करारका शर्त मान्य हुने गरी करारनामा गर्नुपर्नेछ ।

(घ) जग्गाको भिरालोपनका आधारमा पहाडी र हिमाली जिल्लामा साधारणतया वढीमा तीन मिटर चौडाइ सम्मका गह्रा बनाउनुपर्नेछ । गह्राको लम्वाइ जग्गाको क्षेत्रफल र खेती गर्ने औजारहरुको उपलब्धता लगाइने वाली (खाद्यान्न/फलफूल खेती) र यान्त्रीकरणको सम्भावना भएमा यान्त्रीकरण विधिवाट गह्रा सुधार गर्न सकिनेछ ।

(ङ) रोजगारी सिर्जनाका हिसाबले भिरालो जग्गामा मानव श्रमलाई प्राथमिकता दिनुपर्नेछ।

(च) गह्रा सुधार समउच्च रेखा (कन्टुर लाइन) प्रयोग गरी गर्नुपर्नेछ। यसका लागि स्थानीय तहका कृषि प्राबिधिकहरुलाई प्रयोग गर्नु पर्नेछ ।

(छ) फलफूल वालीका लागि खाडल खन्दा यसको आकार र विरुवा लगाउदा कायम गर्नु पर्ने दूरीको हकमा तोकिएको मापदण्ड पुरा गर्नुपर्दछ ।

(ज) प्लाष्टिक घर निर्माण गर्दा हिमाली जिल्लामा १०×५ वर्ग मिटर तथा पहाडी जिल्लामा १२×६ वर्ग मिटरको हुनु पर्नेछ ।

(२) सञ्चालन गरीने क्रियाकलाप तथा खर्च मापदण्डः

(क) गह्रा सुधार तर्फ

डा. गोविन्द प्रसाद शर्मा
सचिव



प्रमुख सचिव

| क्र.सं. | क्रियाकलाप | इकाइ | सख्या | खर्च गर्ने नर्मस |
|---|---|---|---|---|
| १ | गह्रा निर्माण तथा सुधार । | मानव श्रम प्रति रोपनी | चार | ज्याला जिल्ला / स्थानीय दररेट अनुसार |
| २ | खाद्यान्न, दलहन लगायतका बालीहरुको बिउ बिजन खरिद खर्च | प्रति रोपनी | एक | सरकारी दररेट वा डिलर दररेट का आधारमा रु दुई हजार नबढ्ने गरी |
| ३ | फलफुल रोपण कार्य | बेर्ना सख्या प्रति रोपनी | तीस | बेर्नाको सरकारी दररेट अनुसार तथा आयातीत विरुवाको हकमा प्रमाणित बजार मूल्यका आधारमा |
| ४ | फलफुल रोपणका लागि खाडल खन्ने कार्य | मानव श्रमप्रति रोपनी | पाँच | जिल्ला/ स्थानीय दर रेट अनुसार |
| ५ | कम्पोष्ट खाडल निर्माण | मानव श्रमप्रति रोपनी | तीन | जिल्ला / स्थानीय दर रेट अनुसार |
| ६ | जैविक मल | के.जी प्रति रोपनी | साठी | सरकारी दररेट वा डिलर दररेट का आधारमा रु २००० नबढ्ने गरी |
| ७ | कृषि सामग्रीहरुको ढुवानी कार्य | पटक | एक | ढुवानी साधनको स्वीकृत दररेट/बिल भरपाइ अनुसार |

(ख) बाझो वा सार्वजनिक/विद्यालय/सामुदायिक बनको जग्गा उपयोग अन्तरगतको क्रियाकलाप तथा खर्च मापदण्डः

| क्र.सं. | क्रियाकलाप | इकाइ | सख्या | खर्च गर्ने नर्मस |
|---|---|---|---|---|
| १ | ट्र्याक्टर वा पावर टिलर लगाइ बाझो जग्गा खनजोत गर्ने कार्य | पटक प्रति रोपनी | एक | जिल्ला/ स्थानीय मेसिनरी प्रयोगको दररेट अनुसार |
| २ | मानव श्रम लगाइ बाझो जग्गा खन्ने कार्य ( मेशिन प्रयोग नहुने स्थानमा मात्र) | मानव श्रम/ प्रति रोपनी | चार | ज्याला जिल्ला/ स्थानीय दर रेट अनुसार |
| ३ | खाद्यान्न, दलहन लगायतका बालीहरुको बिउ बिजन खरिद खर्च | प्रति रोपनी | एक | सरकारी दररेट वा डिलर दररेट का आधारमा रु दुई नबढ्ने |



डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश

प्रमुख सचिव

| क्र.सं. | क्रियाकलाप | इकाइ | सख्या | खर्च गर्ने नर्मस |
|---|---|---|---|---|
| | | | | गरी |
| ४ | फलफुल रोपण कार्य | बेर्नासंख्या प्रति रोपनी | तीस | बेर्नाको सरकारी दररेट अनुसार तथा आयातीत विरुवाको हकमा प्रमाणित बजार मूल्यका आधारमा |
| ५ | फलफुल रोपणका लागि खाडल खन्ने कार्य | मानव श्रमप्रति रोपनी | पाच | जिल्ला/ स्थानीय दर रेट अनुसार |
| ६ | जैविक मल | के.जी प्रति रोपनी | साठ्ठी | सरकारी दररेट वा डिलर दररेट का आधारमा रु २००० नबढ्ने गरी |
| ७ | कम्पोष्ट खाडल निर्माण | मानव श्रमप्रति रोपनी | तीन | जिल्ला / स्थानीय दर रेट अनुसार |
| ८ | कृषि सामग्रीहरुको ढुवानी कार्य | पटक | एक | ढुवानी साधनको स्वीकृत दररेट/बिल भरपाइ अनुसार |

(ग) प्लाष्टिकघर निर्माण तर्फ

| क्र.सं. | क्रियाकलाप | इकाइ | सख्या | खर्च गर्ने नर्मस | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५० (१०x५) वर्ग मिटर साइजको प्लाष्टिक घर निर्माण (साबिकका कर्णालीका ५ जिल्ला) ढुवानी सहित | सख्या | एक | रु १ लाख २० हजार | लागत साझेदारी ५०% वा वढीमा रु.६० हजार सम्म/प्रति प्लाष्टिक घरको लागि |
| २ | ७२ (१२x६) वर्ग मिटर साइजको प्लाष्टिक घर निर्माण (साबिकका कर्णाली बाहेकका जिल्लामा) | संख्या | एक | रु १ लाख २० हजार | लागत साझेदारी ५०% वा वढीमा रु.६० हजार सम्म/प्रति प्लाष्टिक घरको लागि |

(३) उपदफा (२) मा उल्लिखित कार्यका लागि प्राबिधिक सेवा तथा समुदाय परिचालनका लागि स्थानीय तहमा एक जना कृषि/पशु सेवा प्राबिधिक (सहायक स्तर चौथो पाँचौ) वा सो

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

नभएमा अनुभवी कृषक (नर्सरी धनी, ब्यवसायी कृषक) छनौट गरी बढीमा दुई महिनाका लागि व्यक्ति करार सेवा लिन सकिनेछ।

(४) उपदफा (२) मा उल्लेख भएबाहेकका कार्य गर्नुपर्ने अवस्थामा मन्त्रालयबाट स्वीकृत नर्म्स वा खेती खर्च लागत वा स्थानीय दररेट वा सरकारी दररेट अनुसार खर्च गर्न सकिनेछ। दररेट उल्लेख नभएको उत्पादन सामग्रीको हकमा जिल्ला स्थित कार्यालयले निर्धारण गरी सहजीकरण गर्न सक्नेछ।

(५) मानव श्रमको हकमा लाग्ने खर्चको पचास प्रतिशत सहायता प्राप्त गर्नेले बेहोर्नुपर्नेछ।

(६) हरेक स्थानीय तहमा अधिकतम पाँच वटा प्लाष्टिक घर तोकिएको साईजमा निर्माण गर्न सकिनेछ।

(७) जैविक मल साविक कर्णाली अंञ्चलका पाच जिल्ला वाहेकका लागि मात्र प्रयोग गर्न सकिनेछ ।

## परिच्छेद -५
## विविध

९. <u>अनुगमन सम्बन्धी व्यवस्था:</u> स्थानीयस्तरमा सम्बन्धित स्थानीय तहका उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा एक वडा प्रतिनिधि र एक सम्बन्धित प्राविधिक वा व्यवसायिक कृषक/नर्सरी धनीसमेतको तीन सदस्य रहेको समूहले अनुगमन गर्नेछ ।

१०. <u>कारवाही:</u> कार्यक्रमको रकम दुरुपयोग वा हिनामिना भएको प्रमाणित भएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

११. <u>व्याख्या तथा बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्था:</u> (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु कार्यान्वयनको सिलसिलामा कुनै विवाद वा बाधा अड्काउ परेमा कार्यविधिको उद्देश्यमा तात्विक फरक नपर्ने गरी त्यस्तो विवादको व्याख्या तथा वाधा अड्काउ फुकाउ गर्ने अधिकार मन्त्रालयको हुनेछ ।

(२) प्रदेश सरकारले कार्यविधिको संशोधन गर्न सक्नेछ ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

अनुसूची -१

(दफा ५ को उपदफा (४) को खण्ड (ग) सँग सम्बन्धित)

(खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यक्रम अन्तर्गत सहायता मागका लागि निवेदनको ढाँचा)

मितिः ...............................

विषयः खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यक्रम सञ्चालनका लागि लागत साझेदारी प्रोत्साहन उपलव्ध गराइदिने सम्बन्धमा ।

श्रीमान् प्रमुखज्यू / अध्यक्षज्यू,
............................ नगरपालिका/गाउँपालिका,
........................ ।

महोदय,
हामी/म कर्णाली प्रदेश ......................जिल्ला ..........................गाउँपालिका /नगरपालिका अन्तर्गत वडा.नं........मा पर्ने ....................................................... कृषि फर्म /कृषि सहकारी /उद्यमी कृषकले खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यक्रम अन्तर्गतको गह्रा सुधार कार्यक्रम/ प्लाष्टिक घर निर्माण/ बाँझो तथा सार्वजनिक/ विद्यालय/ सामुदायिक वनको जग्गा उपयोग गरी उत्पादन विशेष कार्यक्रम सञ्चालन गर्ने सोच सहित रू १०। को टिकट टाँस गरी अनुसूचीमा संलग्न फाराम भरि यो प्रस्तावना पेश गरेको छु/छौं ।

निवेदक
दस्तखतः.................................
नामः.......................................
पदः.........................................
सम्पर्क नम्बरः..............................
मितिः............................................
संस्था वा फर्मको छापः

डा. गोविन्द प्रसाद शर्मा
सचिव
प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव
प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## अनुसूची -२

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**(सम्झौता पत्रको नमूना)**

**खाद्य सुरक्षाका लागि उत्पादन विशेष कार्यक्रम सञ्चालनको लागि गरीएको सम्झौता पत्र**

कोरोना (१९-कोभिड) भाइरस संक्रमणको कारणबाट खाद्य सुरक्षामा तत्काल प्रतिकूल प्रभाव पर्न सक्ने सम्भावनालाई मध्यनजरगरी **खाद्य सुरक्षा उत्पादन विशेष कार्यक्रम** सञ्चालन गर्न स्थानीय सरकार, ..................गाउँपालिका/नगरपालिका (यस पछि प्रथम पक्ष भनिने) र श्री ............................................ (यस पछि दोस्रो पक्ष भनिने) बीच तपशील बमोजिमका शर्तहरु पालना गर्ने गरी द्धिपक्षीय सम्झौता गरीदियौं/लियौ ।

तपशीलः

१. यो सम्झौता पत्र, सम्झौता भएको मितिबाट लागू हुनेछ ।

२. यो सम्झौता (क) गह्रा सुधार तर्फका लागि (ख) प्लाष्टिक घर निर्माण र (ग) बाँझो तथा सार्बजनिक/बिद्यालय/ सामुदायिक वनको जग्गा उपयोग गर्ने प्रयोजनका लागि गरीएको छ ।

३. यो सम्झौता गह्रा सुधार तर्फका लागि भए त्यस अन्तर्गतका क्रियाकलाप तथा खर्च मापदण्ड अनुसार,प्लाष्टिक घर निर्माण भए त्यस अन्तर्गतका क्रियाकलाप तथा खर्च मापदण्ड अनुसार र बाँझो तथा सार्बजनिक विद्यालय सामुदायिक वन को जग्गा उपयोग अन्तर्गतको भए त्यसै अन्तर्गतका क्रियाकलाप तथा खर्च मापदण्ड अनुसार हुनेछ ।

४. सहायताको रकम विशेषगरी गह्रा सुधार,प्लाष्टिक घर निर्माण र खेती नगरीएको बगर जग्गाको प्रयोग तथा खेर गएका ऐलानी ,नबुट्या पर्ती जग्गा, हैसियत विग्रेका वन आदि जमिनको सदुपयोग गरी खाद्य उत्पादन बृद्धिगर्नका लागि प्रयोग गरीने छ ।

५. व्यक्तिगत जग्गा बाहेकका वुट्यान/नाङ्गोडाँडा/पर्ति/सामुदायिक वन आदिमा कार्यक्रम सञ्चालन गर्दा सो क्षेत्र हेर्ने सम्बन्धित वन कार्यालयबाट स्वीकृति लिनुपर्ने छ ।

६. यस कार्यक्रमका लागि स्थानीय तह, सहकारी संस्था, कृषि सम्बद्ध समूह, कृषि क्षेत्रमा कार्यरत परियोजना, कृषि सम्बन्धी संघ/संगठन, बैंक तथा वित्तीय संस्था वा गैर सरकारी संघसंस्था संग मको रेकर्ड उल्लेखवश्यक साझेदारी गर्न सकिनेछ । साझेदारी गर्दा प्राप्त भएको रकम र श्र गर्नुपर्नेछ ।

७. चालु आर्थिक वर्षमा समान उद्देश्यका लागि सहायता लिएका व्यक्ति/फर्म/सहकारी संस्थाहरूलाई यस कार्यक्रम अन्तर्गतको सुविधा उपलव्ध हुनेछैन । तर श्रोत खुलाई फरक कार्य गर्ने गरी सहायता प्राप्त गर्न भने यसले बाधा पार्ने छैन ।

८. गह्रा सुधार अन्तर्गत बाँझो, खाली पाखो, सिमान्तकृत भिरालो एवम् विद्यालय तथा अन्य सार्वजनिक निकायसँग भएको जग्गालाई पहाडमा साना तथा तराई एवं समथर भूभागमा ठूला गह्रा वनाई खेती कार्य गर्नुपर्नेछ ।

डा. गोविन्द प्रसाद शर्मा

प्रमुख सचिव

९. व्यक्तिगत वा विद्यालय तथा अन्य सार्वजनिक निकायसँग भएको जग्गालाई कृषि व्यवसाय (वाली/वस्तु) का आधारमा निश्चित अवधि ( न्यूनतम केही वर्ष) तोकी खेती गर्न भाडा वा जग्गा करार गरी व्यावसायिक खेती प्रवर्द्धन गर्न सकिनेछ । यस्तो जग्गामा गह्रा बनाउंदा जग्गाको स्वामित्वका आधारमा यथासम्भव सिमाना नविग्रने गरी जग्गाधनी सँग स्वीकृति लिई व्यवस्थापन गर्नुपर्नेछ ।

१०. जग्गा करार गर्दा करार अवधि भित्र जग्गा किनबेच गर्नु पर्दा करारका शर्त मान्य हुने गरी करारनामा गर्नुपर्नेछ ।

११. जग्गाको भिरालोपनका आधारमा पहाडी र हिमाली जिल्लामा वढीमा तीन मिटर चौडाई सम्मका गह्रा बनाउनुपर्नेछ ।गह्राको लम्वाई जग्गाको क्षेत्रफल, खेती गर्ने औजारहरुको उपलब्धता, लगाइने वाली ( खाद्यान्न, फलफूल खेती) र सम्भावना भएमा यान्त्रीकरण विधिवाट गह्रा सुधार गर्न सकिने छ । १२. गह्रा सुधार गर्दा रोजगारी सिर्जनाका हिसाबले भिरालो जग्गामा मानव श्रमको अधिकतम उपयोग गर्नेगरी प्राथमिकता दिनुपर्नेछ ।

१३. गह्रा सुधार गर्न समउच्च रेखा कन्टुर लाइन प्रयोग गरी बनाउन स्थानीय तहका कृषि प्राबिधिकहरुलाई प्रयोग गर्न सकिनेछ ।

१४. फलफूल बगैंचाको लेआउट गर्दा, खाडलको साईज तथा विरुवाको दुरीको हकमा तोकिएको मापदण्ड अनिवार्य पुरा गर्नु पर्दछ ।

१५. दोस्रो पक्षले सम्झौता भएको मितिले पन्ध्र दिन भित्र खाद्य सुरक्षा उत्पादन विशेष कार्यक्रम सम्बन्धी कार्य शुरु गरीसक्नुपर्नेछ । यस अवधिमा कार्य प्रारम्भ नभएमा सम्झौता रद्द गरीनेछ ।

१६. प्रथम पक्षले वा प्रथम पक्षले तोकेको निकायले कुनै पनि बखत उत्पादनमूलक अभियान कार्यक्रमको अनुगमन/निरीक्षण गरी सम्झौता अनुसार कार्य भएको/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ । उक्त सुझाव दोस्रो पक्षले अनिवार्यरूपमा पालना गर्नु पर्नेछ।

१७. दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा लागत साझेदारी रकम प्रष्ट उल्लेख गरी सवैले देख्ने गरी बोर्ड राख्नु पर्नेछ ।

१८. दोस्रो पक्षले सम्पादित कार्यको प्रगति विवरण प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

१९. कार्य प्रारम्भ भएको मितिले ........ भित्र कार्य सम्पन्न गरीसक्नु पर्नेछ ।

२०. दोस्रो पक्षले काम सम्पन्न गरेको जानकारी पश्चात भएको कामको नियमानुसारको वील सहित कार्य सम्पन्न भएको स्थलगत प्राविधिक प्रतिवेदन प्राप्त भएपछि दोस्रो पक्षको बैंक खातामा एकमुष्ठ भुक्तानी/सोधभर्ना गर्नेछ ।

२१. प्रथम पक्षले कार्यक्रमको लागि स्वीकृत गरेको रकमबाट तीन प्रतिशत रकम कन्टिन्जेन्सी र अन्य प्रचलित कानून अनुसार कट्टी गर्नुपर्ने रकम कट्टी गरी कार्य सम्पन्न प्रतिवेदनको आधारमा रु .........................(अक्षरुपी .........................) भुक्तानी गर्नेछ ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२२. यस सम्झौतामा उल्लेख भएका विषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम थरः | नाम थरः |
| पद :प्रमुख प्रशासकीय अधिकृत | पद : |
| स्थानीय तहको नामः | व्यक्ति/संस्था/सहकारीको नामः |
| मिति : | मितिः |
| छाप : | छाप : |

<u>रोहबरः</u>

दस्तखतः

नामः

पदः प्रमुख/अध्यक्ष

डा. गोविन्द प्रसाद शर्मा
सचिव

प्रमुख सचिव